# कर्णाली प्रदेश पत्रकार कल्याण कोष अनुदान सञ्चालन मापदण्ड, २०७९

प्रस्तावना: कर्णाली प्रदेशको वार्षिक कार्यक्रम वमोजिम कर्णाली प्रदेश पत्रकार कल्याण कोषमा उपलब्ध गराइने अनुदान रकमको उपयोगलाई व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि ,ऐन (नियमित गर्ने)२०७५ को दफा ले दिएको अधिकार प्रयोग गरी 3 कर्णाली प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "कर्णाली प्रदेश पत्रकार कल्याण कोष अनुदान सञ्चालन मापदण्ड, २०७९" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "कोष" भन्नाले नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश कार्य समितिले स्थापना गरेको कर्णाली प्रदेश पत्रकार कल्याण अक्षय कोष सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) "महासंघ" भन्नाले नेपाल पत्रकार महासंघ, कर्णाली प्रदेश कार्य समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

३. रकम उपलब्ध गराउन सक्ने: मन्त्रालयले कर्णाली प्रदेश बिनियोजन ऐन बाट बिनियोजन भए बमोजिमको रकम अनुदानको रुपमा कोषमा उपलब्ध गराउन सक्नेछ।

४. कोष रकमको खर्च: (१) महासंघले कोष रकम खर्च गर्दा कोषमा भएको मूलधन खर्च नगरी सोबाट हुन आउने व्याजको रकम मात्र दफा ५ को प्रयोजनका लागि खर्च गर्नुपर्नेछ।

(२) महासंघले कोषको रकम यस मापदण्ड बमोजिम मात्र खर्च गर्नुपर्नेछ।

५. कोषको उपयोग: (१) मन्त्रालयले कोषमा उपलब्ध गराएको रकम महासंघले देहायको कामको लागि मात्र उपयोग गर्न पाउनेछ:-

(क) पत्रकारिता गर्ने क्रममा ज्यान गुमाउने पत्रकारको आश्रित परिवारलाई सहायता गर्न तथा पत्रकारिता गर्ने क्रममा घाइते भएका पत्रकारलाई उपचारको लागि सहयोग गर्न,

(ख) सञ्चार माध्यममा समाचार प्रकाशित गरेकै कारण सामना गर्नुपर्ने कानूनी उपचारमा सहयोग गर्न,

(ग) प्राकृतिक प्रकोपमा परेर धनजनको क्षति भई गम्भीर समस्यामा परेका पत्रकारलाई तत्काल सहयोग गर्न,

(घ) कर्णाली प्रदेशका दुर्गम क्षेत्रमा रही पत्रकारिता गर्ने पत्रकारको क्षमता विकासमा सहयोग पुऱ्याउने खालका कार्यक्रम सञ्चालन गर्न।

कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, वीरेन्द्रनगर

सचिव

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, नेपाल

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा आर्थिक रुपमा कमजोर अवस्था भएका पत्रकारलाई विशेष प्रथामिकता दिनुपर्नेछ।

(३) महासंघको बैठक भत्ता, खाजा खर्च, भ्रमण खर्च, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन, लेखापरीक्षण लगायतका प्रशासनिक कार्यका लागि कोषको रकम खर्च गर्न पाइने छैन।

(४) यो मापदण्ड लागु हुनुपूर्व भएका कार्यका लागि महासंघले मन्त्रालयबाट उपलब्ध गराएको रकम प्रयोग गर्न पाउने छैन।

६. <u>कोष खर्चको सीमा:</u> (१) महासंघले देहायबमोजिमको सीमाभित्र रही कोषबाट रकम खर्च गर्नुपर्नेछः-

(क) सामान्य अवस्थामा औषधी र उपचार खर्चका हकमा अधिकतम पच्चीस हजार रुपैयाँसम्म।

(ख) पत्रकारको अङ्गभङ्ग भई काम गर्न नसक्ने अवस्था भएमा उपचार खर्च बापत अधिकतम चालीस हजार रुपैयाँसम्म।

(ग) पत्रकारिता सम्बन्धी कार्य गर्दा गर्दै द्वन्द्व वा आन्दोलनमा परी मृत्यु हुन गएमा आश्रित परिवारलाई तत्कालै अधिकतम पचास हजार रुपैयाँसम्म।

(घ) दुर्घटनाका घाइते वा मृतक पत्रकारको हकमा पहिलो प्राथमिकता वीमा कम्पनीले दिइने क्षतिपूर्तिलाई लिनु पर्नेछ। वीमाको रकम ढिला प्राप्त हुने र तत्काल आवश्यक परेको खण्डमा पछि सोधभर्ना लिने गरी बढीमा एक लाख रुपैयाँसम्म।

(ङ) गम्भीर प्रकृतिको रोग लागेको वा दुर्घटनामा परेर कुनै बिरामी पत्रकारको स्वदेशमा उपचार हुन नसक्ने प्रमाणित भएमा त्यस्ता विरामी पत्रकारलाई एकमुष्ट अधिकतम पचास हजार रुपैयाँसम्म।

(च) कुनै पत्रकारको मृत्यु भएपछि निजका नजिकका हकदार पनि नरहेको अवस्थामा त्यस्ता पत्रकारको काजक्रिया खर्च बापत अधिकतम पच्चीस हजार रुपैयाँसम्म।

(छ) मृत्यु भएका पत्रकारको आर्थिक अवस्था ज्यादै कमजोर रहेको अवस्थामा निजका छोरा/छोरीको शिक्षामा सहयोग पुऱ्याउने उद्देश्यले अधिकतम पचास हजार रुपैयाँसम्म।

(ज) आर्थिक अवस्था कमजोर रहेको तथा कुनै समस्याले ग्रसित भई कुनै पत्रकार वा लामो समय पत्रकारितामा व्यतित गरेर अवकासमा रहेको पत्रकारको हकमा अधिकतम दश हजार रुपैयाँसम्म।

(झ) गर्भवती महिला पत्रकारले आफ्नो उपचारको लागि वा सुत्केरी भएको अवस्थामा माग गरेको खण्डमा अधिकतम दश हजार रुपैयाँसम्म।

(२) पत्रकारलाई एउटा समस्यामा एक पटकमात्र कोषबाट सहयोग उपलब्ध गराइनेछ।

(३) औषधी उपचार खर्च तथा यातायात खर्च दुई बर्षमा एक पटकभन्दा बढी सहयोग प्रदान गर्न पाइने छैन।

(३) कोषबाट वितरण गरिएको सहयोग रकम प्रदान गरेपछि त्यसपछि बस्ने महासंघको कार्य समितिको बैठकबाट अनुमोदन गराई मन्त्रालयमा जानकारी गराउनुपर्नेछ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, नेपाल

७. <u>लेखा र लेखापरीक्षणः</u> (१) कोषको आय व्ययको लेखा महासंघले बार्षिक रुपमा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ।

(२) कोषको आय-व्ययको लेखापरीक्षण प्रचलित कानून बमोजिम गराई सोको एक प्रति अनिवार्य रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

८. <u>अनुगमन गर्न सक्नेः</u> यस मापदण्डको कार्यान्वयनका सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ र अनुगमनको क्रममा मन्त्रालयले माग गरेको विवरण महासंघले अनिवार्य उपलब्ध गराउनुपर्नेछ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, नेपाल